बैठक संख्या-८१

समय- बिहान ११:०० बजे

आज मिति २०८३ साउन १३ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो।

**उपस्थिती**

| सि.न. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १) | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २) | नगर उप–प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३) | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४) | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५) | ३ नं. का.वा. वडा अध्यक्ष | श्री ~~मदन बुढाथोकी~~ हरि वास्कोटा | |
| ६) | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७) | ५ नं वडा अध्यक्ष | श्री रोहित प्रसाईं | |
| ८) | ६ नं.वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९) | ७ नं.वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १०) | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११) | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२) | १० नं.वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३) | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४) | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५) | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६) | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७) | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८) | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९) | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २०) | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१) | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

**निर्णय नं.१-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं. २** झापा जिल्ला दररेट निर्धारण समितिले आ.ब. ०८३/०८४ का लागि स्वीकृत गरेको झापा जिल्लाको भौतिक पूर्वाधार निर्माण सामाग्रीको दररेट, बिभिन्न कामदारहरुको ज्याला, मेसिनको भाडा तथा ढुवानी दर लगायतका दररेटहरुलाई नै कायम गरी बिर्तामोड नगरपालिकाको आ.ब. ०८३/०८४ को दररेट निर्धारण गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** बिर्तामोड नगरपालिकाबाट मिति २०८३।०२।२७ गते प्रकाशित सडक क्षेत्राधिकार भित्रका संरचना हटाउने सम्बन्धी सूचनाका विरुद्धमा बिर्तामोड नगरपालिका वडा नं. ५ बस्ने पवन अग्रवाल खेडिया, भवानीप्रसाद खरेल, राधादेवी निरौला, लक्ष्मी उदास, दशरथ पराजुली, पुनमकुमारी साहु, छविलाल अग्रवाल, बजरङ अग्रवाल, भीम कुमारी सिटौला तथा चन्द्रप्रसाद बजगाईले संयुक्त रूपमा दीपप्रशुन सुबेदीलाई वारेस नियुक्त गरी सर्वोच्च अदालतमा मुद्दा दायर गरेकोमा सर्वोच्च अदालतको मिति २०८३।०३।३१ को निर्णयबाट उत्प्रेषण जारी भएको हुँदा, उक्त मुद्दाको सर्वोच्च अदालतबाट अन्तिम फैसला नभएसम्मका लागि सूचना बमोजिम संरचना हटाउने/भत्काउने कार्य हाललाई स्थगन गर्ने र सोको जानकारी गराउन सार्वजनिक सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** स्थानीय सरकारी सेवाको गठन सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको कोशी प्रदेश सरकारको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० तथा बिर्तामोड नगरपालिकाको तहबृद्धि सम्बन्धी कार्यविधि २०८१ मा भएको व्यवस्था अनुसार बिर्तामोड नगरपालिका र मातहतका कार्यालयमा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तहबृद्धि गर्न यस कार्यालयको मिति २०८३।०२।१८ गते प्रकाशित १ महिने सूचना अनुसार तहबृद्धिको लागि निवेदन पेश गर्ने कर्मचारीहरुको सम्बन्धमा कोशी प्रदेश स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा २७ को उपदफा ४ बमोजिम गठित सिफारिस समितिले मिति २०८२।०३।२४ गते पेश गरेको सिफारिसको आधारमा देहायका कर्मचारीहरुको २०८३।०४।०१ गतेबाट जेष्ठता कायम हुनेगरि तह बृद्धि गर्ने निर्णय गरियो।

**देहायः**

| क्र.स | कर्मचारीको नाम थर | हालको पद/ तह | तहबृद्धि गरिएको तह |
|---|---|---|---|
| १ | संगिता अधिकारी | नर्सिङ अधिकृत (अधिकृत सातौ) | बरिष्ठ नर्सिङ अधिकृत (अधिकृत आठौ) |

**निर्णय नं. ५** बिर्तामोड नगरपालिकाको कार्यसञ्चालन निर्देशिका,२०८३ स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** बिर्तामोड नगरपालिका वडा नं. ४ बस्ने रमेश राजवंशीले बिर्तामोड नगरपालिकाका नगर प्रमुख,उप प्रमुख, वडा अध्यक्ष लगायत जनप्रतिनिधिहरु र बिर्तामोड नगरपालिका वडा नं. ४ मा रहेको सुन्दर सामुदायिक प्रहरी कार्यालयका पदाधिकारीहरुका विरुद्धमा फेसबुक लगायतका सामाजिक सञ्जालमा फोटो सहित गाली बेईज्जती गरी पोस्ट गर्ने कार्य विगतदेखि गर्दै आईरहेकाले निज उपर आवश्यक कानूनी उपचारमा जाने निर्णय गरियो।

**निर्णय नं. ७** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ को दफा १२ को उपदफा ६ बमोजिम बिर्तामोड नगरपालिका भूमि समस्या समाधान सहजीकरण समितिको मिति २०८२/०५/१७ गतेको निर्णयबाट प्रमाणीकरणका लागि सिफारिस सहित पेश भएका बिर्तामोड नगरपालिका वडा नं. ७ का यसै साथ संलग्न विवरण बमोजिमका भूमिहिन दलित – २६, भूमिहिन सुकुम्वासी -९१ तथा अव्यवस्थित बसोबासीहरु -२२५ का निवेदनहरू तथा वडा नं. १० का यसै साथ संलग्न विवरण बमोजिमका थप भूमिहिन दलित – १ , भूमिहीन सुकुम्वासी – ४ तथा अव्यवस्थित बसोबासीहरु – ४ का निवेदनहरु उपदफा ३ बमोजिम प्रमाणीकरण गरी ऐन बमोजिम जग्गा उपलब्ध गराउन भूमि समस्या समाधान जिल्ला समिति, झापा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ (विविध)**

**क.** "घ" श्रेणीको निर्माण इजाजत स्वीकृतका लागि नियमानुसार प्रकृया पुगी आएका स्तम्भ ईन्जिनियरिङ कन्सल्टेन्ट कन्सट्रक्सन्स प्रा.ली. बिर्तामोड ५ झापालाई निर्माण सम्बन्धी कार्य गर्न "घ" श्रेणीको निर्माण इजाजत दिने निर्णय गरियो।

**ख.** बिर्तामोड नगरपालिकामा आ. ब. ०८२/०८३ मा संचालन भएका योजनाहरुको कार्य सम्पन्न भई भुक्तानी हुन बाँकी रहेका योजनाहरुलाई चालू आ.व. ०८३/०८४ को खाता सञ्चालन भए पश्चात भुक्तानी दिदै जाने निर्णय गरियो।

**ग.** विराट आधारभूत विद्यालय बि.न.पा. १० मा अपाङ्गता भएका विद्यार्थी अध्ययन गर्ने आवासीय विद्यार्थीहरुको आवासमा आया (परिचारिका) पदमा मिति २०५६।०५।०४ गतेबाट मिति २०८२।०९।०४ गतेसम्म सेवा गरी अनिवार्य अवकास भई सेवानिवृत्त हुनु भएका श्री देविमाया पराजुलीलाई प्रोत्साहन स्वरुप रु.१,००,०००।– (एक लाख) रकम उपलब्ध गराउने निर्णय गरियो।

**घ.** विराट आधारभूत विद्यालय बि.न.पा. १० मा कार्यालय सहयोगी पदमा मिति २०४६।१०।११ गतेबाट मिति २०८३।०२।०८ गतेसम्म सेवा गरी अनिवार्य अवकास भई सेवानिवृत्त हुनु भएका श्री निर्मल कुमार पराजुलीलाई प्रोत्साहन स्वरुप रु.१,००,०००।– (एक लाख) रकम उपलब्ध गराउने निर्णय गरियो।

**ङ.** बिर्तामोड नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८३।०४।०६ गतेको बैठकको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**च.** आ.ब. ०८३/८४ का लागि बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समिति, सम्पूर्ण शाखा तथा शाखा प्रमुख, १० वटै कार्यालय, वडा अध्यक्ष, वडा सचिव समेत विपक्षी भई सर्वोच्च अदालत, उच्च अदालत पाटन, जिल्ला अदालत काठमाडौमा पर्न आउने मुद्दाका सम्बन्धमा लिखित जवाफ पेश गर्न, बहस पैरवी, वारेस समेतका लागि कार्य गर्न बाह्रदशी गाउँपालिका वडा नं ७ झापाका अधिवक्ता श्री टंक प्रसाद रेग्मीलाई कानून व्यवसायी मुकर्रर गर्ने सर्वसम्मत निर्णय गरियो।

**छ.** आ.ब. ०८३/८४ का लागि बिर्तामोड नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समिति, सम्पूर्ण शाखा तथा शाखा प्रमुख, १० वटै कार्यालय, वडा अध्यक्ष, वडा सचिव समेत विपक्षी भई जिल्ला अदालत र उच्च अदालतमा पर्न आउने मुद्दाका सम्बन्धमा लिखित जवाफ पेश गर्न, बहस पैरवी, वारेस समेतका लागि कार्य गर्न बिर्तामोड वडा नं ८ झापाका अधिवक्ता श्री सेमन्त मिश्रलाई कानून व्यवसायी मुकर्रर गर्ने सर्वसम्मत निर्णय गरियो।